# मेरो अन्धो काहानी !!!

**अङ्क १**

कहिले कही लाग्छ मलाई, यो सारा-संसार कै पापी मै हु कि भनेर, सबै पाप मैले नै बोकेर आएको जस्तो । जती पनि दु:ख छ यो सबै मेरै जस्तो लागछ । मर्न त मन कस्लाई हुँदैन र यस्तो अवस्थामा तर मलाई मर्नु उति कै जिउन मन थियो, हेर्न चाहन्थे कि म बचेँर यो संसार के नै भयो भनेर!

आज आएर हाँसो के हो भनेर संसारका सबै जिबित ब्यक्ती लाई सोध्न मन थियो तर म जस्तो पापी मन भएको कुपुरुष लाई कस्ले नै जवाफ देला र ?

पिडा मा बितिरहेको जिन्दगी लाई सुख मा बिताउनु मन थियो तर के गरम् यो लोभि हत्केला देखाउदा मेरो प्रगती नहुने जस्तो देखा पर्‌यो ।

साझा तिर आफ्नो कोठा मा बसिराखेको बेला...

म आफ्नो कोठा को कुनामा गएर सुर्य चुरोट को १ खिल्ली ओठ मा च्यापी सलाई कोरे, हुन त यो मेरो पहिलो चोटि थिएन, तर पनि मलाई पहिलो चोटि जस्तै बेसरि खोकी लाग्यो, हतो न पत्तो मैले मेरो अगाडि राखेको Wiskey एक सत मा  निले ।

खोकी लाग्न कम भए लगतै मैले फेरी ashtray मा राखेको चुरोट  हातमा लिए र धुवाँ उदाउन थाले । मलाई त्यही चुरोट को धुवाँ झै हावा मा उद्‌न मन लाग्यो, हावा मा रमाउन मन लाग्यो तर त्यही हात मा च्यापी राखेको चुरोट देख्दा उहिले बर्ष अगाडि मैले मेरो साथी लाई भनेको कुरा मेरो कान मा गुन्जिइ रह्यो ।

याद थियो...

मैले मेरो साथी लाई भनेको,

"मित्र कति तान्न सकेको फेरी एक दिन माथि भगवान ले नै तलाई तान्ला"

"चुरोट त धुवाँ मात्रै त हो, के नै गर्छ र यस्ले; न त तेरो भोक नै मेटाउछ, न त प्यास नै, सक्ने बिती कै सक्क सक्क बाहेक केही हुन्न ।

त्यो कुरा ले आज मलाई आत्मग्लानी भो, काश मैले उस्को कुरा बुझ्न सकेको भए ।

आँखा बाट आशु झरेको मैले वस्ता नि गरिन्, कर्मनाश को पानी  झै बगी रह्यो...

**अङ्क २**

एकान्तको कुना मा बसेर म के गरौं भनेर सोच त आयो, तर त्यो हात मा रहेको चुरोट सँग को Corner Date लाई छाड्न मन लागेन ।

यसो मोबाईल हेरे! ओपेरा मिनी खोले र फेरी बन्दा गरे ।

झाउ लग्न थाली सकेको थियो, तेसैले फेरी एक पतक मोबाईल हात मा लिए र Facebook App खोले, खोलेको के थिए, ९० वटा Notification देखेर मलाई facebook झन चलाऊन मन लागेन।

देखे साथी को Profile picture हसिँलो, Like र comment को बरसाद हुँदै थियो ।
Comment पढ्न मन लागेन, तर Like हानेर Logout के गर्न खोज्या थिए, मोबाईल मा Vibration आइहाल्यो, हुन त मेसेज आएको थियो ।

हुन त मेरो त्यो मेरो केटी साथी थिइन्, अश्मिता, स्कुल साथी तर मैले वास्ता नगरि Logout गरी हाले । रिस् को झोक मा मैले मेरो मोबाईल फयाले, हुन त कही भएन होला मेरो पहिलो कमाइ को मोबाईल । मैले चुरोट को धुवाँ लाई हावा मा फयाल्दै मैले चुरोट Astray मा निभाए ।

फेरी गहिरो सोच मा लागे...

हुन त म एक्लो छु, कुना मा बसेर आफ्नै  छायाँ  तोलौदै छु ।

हुन त को सँग सातौ  मेरो पिडा! थियो त हात मा चुरोट्, त्यो नि पहिला को कुरा हरु भुल्न को लागि ।

हुन त सधैं झै हसिलो मुहार बनाउनु मन थियो ।
घडी हेरे रातिको २ बजे भाई सकेको थियो, सुत्न को लागि मैले मेरो Rest Room तिर लागे, खाट मा नसुती सोफामा सुत्न तत्पर भए ।

निन्द्रा त लागेको थिएन तर पनि सुत्न कोसिस् गरे ।
फेरी निन्द्रा लागेन मोबाईल निकाले खोजे र हेरे केही भयो कि भनेर, धन्न केही भएको रहेनछ ।

मोबाईल हेरे Alarm सेट गरे त्यो नि ७ बिहान को!!!

खल्ती मा राखेको Ear Phone निकाले र मोबाईलमा गीत सुन्न के आतेको थिए, मलाई गीत नै सुन्न मन लागेन ।

खैं आज किन हो किन मलाई आज कुनै गीत ले मन छोएन।

**अङ्क ३**

सधैं झै म त्यही समय मा उठे...
यता उता हेरे, तर मेरो प्रिय खात बाट नउठि त्यही बसी आज  के गरम भनेर सोच्दै बसे।

घडी हेरे...
३० मिनेट बितीसकेको थियो।
हत न पत्तो म खात बाट उठेर नित्र्यकर्मा गरे र किचन मा गएर कफी बनाए। र कफी, मगमा राखेर मगसँगै बद्लीमा गए। बाद्ली मा राखिराखेको कुर्सी मा बसे र कतै नभएको शहर लाई टोलाएर बसी राखे ।

खल्ती मा खोजे चुरोट को बत्ता निकाले। हेरे खाल्ली थियो। रिस् को झोक मा मैले त्यो बाद्ली बाट फ्याले। धन्न कसैलाई लागेन । फेरी रूम तिर लागे, र सुर्य चुरोट को बत्ता बाट १ खिल्ली चुरोट सल्काएर बाद्ली मा बस्न गए। चुरोट र कफी को स्वाद नै बेग्लै हुदो रहेछ, चुरोट सक्ने बितीकै, बाद्ली बाट हेरे राम्री केटीहरु त्यो ठाउँ बाट दुल्दै थियो, दिस्क्यौदै आनन्द लिदै बसे तर अचानक एउटा केटी लाई देखे ...
त्यो केटी लाई कतै देखेको जस्तो लाग्यो, जती नजिक त्यती मेरो मन को धुक्धुकी बद्न थल्यो तर जब मेरो बाद्ली बाट दुल्दै गइन तब मेरो मन मा आनेकौ प्रश्न हरु आयो ।

उनि किन यता ?

म यता छु कि भनेर थाहा पायो कि ?

(आँफै लाई जवाफ दिदै)
थाहा पाउनु कसरी ! न त मैले कसैलाई भने, न त मैले मेरो आमा बुवा लाई नै थाहा थियो । मैले मेरो अभिभाबक लाई  अमेरिका पढ्न जान्छु भनेर नै धातेको थिए, उनि ले कसरी थाहा पायो म यता Russia को Yeniseysk मा  छु भनेर!!!

तनाब नै तनाब...

मन ले मानी राखेको थिएन त्यो उनि थियिन भनेर । हुन त उनि मेरो कलेज पढ्दा को साथी थिइन,जसलाई म असाध्यै माया गर्थे, माया मात्र नभइ जुनि जुनि उनि सँगै बिताउने कसम लिएका थिए।

मेरो मन दुई तर्फी को हुन खोज्यो, रिस् सँगै मलाई खुशी नि लागि राखेको थियो, उनि यता आएर । कोठा भित्र गए र, खाट तल रहेको Whiskey निकाले र बोटल बाट नै मैले प्युन थाले ।

खुशी ले प्युदै छु कि रिस् ले थाहा पाउन सकिन । चुरोट नि सल्काए तर २-३ चोटि टाने तर त्यो भन्दा धैरै तान्न सकेन र Astray मा राखेर निभाए।के गरम के गरौ भो, बाहिर गएर खोजम नि जस्तो लाग्यो तर मेरो मन ले (उनी हैन) भनेर मात्र सन्देश दिन्छ ।

हुन त कस्को कुरा मनाउ ?
(अगाडि रहेको एना मा तोलाएर हेर्दै )
जिन्दगी ले नि म सँग के न्ह्यु खोजेको होला, उसलाई नै भुलछु भनेर कसलाई न भनि यता आएको त आज उनि पनि यही शहर मा ।

गजब छ, जती टाढा जान्छु उनि त्यती नजिक आउछ । मरौ कि बाच्नु अवस्थामा आइसकेको थिए तर बाच्नु बाहेक अरु केही बिकल्प थिएन ।

बदर्ली मा बसे फेरी आउछ कि भनेर बसे तर धैरै बेर सम्म पर्खिदा नि उनि आएनन् ।

मोबाईल मा टाईम हेर्न खोज्दा मैले मेरो बोस् को ४ वटा missed call देखे र हत्त न पत्तो मैले कल गरे, र थाहा पाए कि भोली मलाई बिहान नै office पुग्नु थियो...ओके भनेर मैले फोन राखे ।

**अङ्क ४**

Astray र चुरोट को बत्ता सँगै राखेर म छतमा हेर्दै तोलाएर बसे । कप बोर्ड बाट Wiskey निकाले र ग्लास मा हल्का हल्का राख्दै प्युन थाले ।

खै आज जोश का बाट आएको होला ?
मैले मेरो मोबाईल निकाले र ग्याल्लेरी मा गएर उनको फोटो हेर्दै बसे । फोटो हेर्दा हेर्दै मैले Whiskey कति ग्लास पिए भनेर थाहा नै पाउन सकिन। फोटो हेर्दै बस्दा मैले, मंगल बजार तिर खिचेको फोटो देखे। त्यो फोटोमा हामी दुवै जना थिएम, त्यो फोटो हाम्रो First Date मा खिचेको फोटो थियो। त्यो date मा उनि केही

बोलिनन् त्यही कुरा हरु सम्झिदै म हास्न थाले । हुन त यो हाँसो गलि सकेको हाँसो जस्तै लाग्यो । धेरै बर्ष पछी हासेको कारण ले नि होला, मेरो हाँसो मलाई नै नराम्रो लाग्नु को कारण ?

धेरै राती भएको थिएन, राती ८ बज्न लागेको थियो, मैले मेरो मोबाईल लिए र Alarm Set गरे किन कि मलाई मेरो काम प्यारो थियो, त्यो नभएको भए म उहिले यहाँ सदि सकेको हुन्थे होला । हात मा चुरोट च्यापे र सल्काउन खोजे, र बिस्तारै तान्न खोजे... गार्हो लाग्यो तान्न आज, तान्न खोज्दा उस्कै याद आउने!

(हातमा चुरोट राख्दै)

यसो भित्ता मा अदेस् लिदै... उनि लाई सम्झिदै।।।

कलेज सुरु भएको थियो, त्यही असार मासन्त देखि, तीन महिना छुटिमा बसी सकेपछी कलेज त जानै मन नलाग्ने... त्यो नि पहिलो दिन... बुवा ले मलाई Little Angels' College मा भर्ना गरिदिनु भएको थियो, हुन त ठुलो कलेज, पहिलो दिन डर सँगै नयाँ साथी बनाउन धेरै उत्साहा भई राखेको थियो । हुन त जे होस् पहिलो दिन
कलेज पुगिहाले। पहिलो दिन चै ५ बजे नै उठेर लुगा लगाई बसी राखेको थिए, ६ बज्ना साथ मलाई मेरो बुवा ले पुराउन आउनु भो।

पहिलो दिन्...
नोटिस् बोर्ड मा हेरे र मैले मेरो क्लास् खोज्न गए । हुन त भेटाए तर क्लास् मा कसैलाई नचिनेको ले म पहिलो सित मा  बस्न गए ।

(पहिलो सित मा बस्दा सबै साथी हरु ले पढन्ते थनेकै होला)
बिहानको ६:३० भएको थियो, बिस्तारै सिट हरु भरिदै गयो, तर म कसै सँग बोलेको थिइन । केही समय पछी Dean आयो र ५ मिनेट को हावा गफ हानेर जानुभो। Dean गएको लगतै... गणित सर क्लास् भित्र छिर्नु भो।

पहिलो दिन के नै पदाउछ भनेर ठानी राखेका थियौ, तर छिर्ने लगतै आफ्नो नाम white board मा लेखेर फोर्मुला हरु लेख्न थाल्नु भो, मेरा सब नयाँ मित्र हरु हया! हु! भनेर कराउदै सर लाई हामी तिर ध्यान आकर्शन गरायो । सरले नि मजाक गरेको भन्दै introduction सुरु गर्नु भो ।

धन्न मबाट सुरु नगरि पछाडि बेन्च का मित्र बाट सुरु गर्नुभएको थियो ।

सुरु गरी रहदा ढोका मा कसैले Knock गर्‍यो, क्लास् चुप-चाप भो र सर ले ढोका खोल्नु भो, म ढोका पत्ती हेर्दै थिए...
हेर्दा एक जना राम्री देख्ने केटी अगाडि उभिदै थिइन।

सर ले Why you're late? भनेर प्रश्न सोध्नु भो, र उन्ले जवाफ दिइन Sorry Sir! I missed my bus. Actually I don't know the time of bus reaching my stop. उनको स्वर नै उनको अनुहार जस्तै थियो, कोमल... सर ले No problem भन्दै उनि लाई आफ्नो Introduction गर्न को लागि आग्रह गर्नु भएको थियो।

उनको सेतो अनुहार रातो न पिरो भएको थियो, र मेरो मित्र हरु सब हासिराखेको थियो, तर मलाई मेरो मित्रहरु देखेर रिस्उठ्न थाल्यो । उनले, क्लास् को अगाडि आएर भनिन् Hi Everyone, My name is Sarang Shrestha . I am from Lagankhel भनेर पछाडि केटी भएको ठाउँ मा बस्न गइन।मलाई उनको पहिलो हेराइ मै मन पर्‍यो, र मेरो कानमा उनको नाम मात्र गुन्जी रहेको थियो, सरङ्ग श्रेष्ठ, कहिले घर जाम र उनलाई फेस्-बुक मा फ्रेन रिक्वेष्ट पठाम भो । उनले  दिएको Introduction मेरो कान म गुन्जी रहयो । एकासी सर मेरो अगाडि उभिनु भो र मलाई अगाडि गएर मेरो Introduction दिन आग्रह गर्नु भो । म अगाडि गएर, Hi, My name is Sakin Maharjan, from Nepal भन्न गए र सब जना हास्न थाल्यो , मैले sorry भनेर मेरो सिट मा बस्न गए ।

६ घण्टा पछी बल्ल तल्ल घर जान पाउने भो। क्लासबाट म ढिलो निस्किए, किन कि मलाई उनको अनुहार हार्नु थियो। हसिलो, देखने बितिकै उनको अगाडी गएर मन को कुरा भन्न मन लाग्यो तर म जस्तो कातर सँग हिमत आएन। उनी लाई हेरी सकेपछि, म र मेरा नयाँ साथी हरु सँग बाहिर कलेज गेट सम्म गफ हान्नेर गए। त्यसपछि म लोकल गाडीमा चढेर घर गए, घर पुग्ना साथ मैले लुगा नफुकाली फेस्-बुक खोले र आज संसार कै अन्तिम दिन भए जसरी मैले सर्च बक्स मा S-A-R-A-N-G टाईप गरे र उनको Account देखे , उनको account मा click गरे र हेरे, फ्रेन रिक्वेष्ट पठाउन त मन थियो तर हल्का डर नि लागि राखेको थियो ।
पहिलो दिन मै फ्रेन रिक्वेष्ट पठाउने को गधा भन्छ कि भनेर डर नि थियो, हुन त हो पहिलो दिन मै पठाएँर कुरा किन बिगारने जस्तो भो ।
बरु मैले सरङ्ग को फेस्-बुक Account बूक्मार्क गरे र उनको प्रोफाइल चेक गर्न थालेको थिए।

**अङ्क ५**

बूक मार्क गरेको लगतै मैले सरङ्ग को पहिला उनले राखेको फोटो हरु हेरे । हुन त Privacy को कारण मैले २-३ वटा फोटो मात्र हेरे । फोटो राम्रो थियो, हुन त मान्छे नै राम्रो भए पछी फोटो कसरी राम्रो नहुनु।
हसिलो, तर सरङ्ग को त्यो हसिलो मुहार मा दिम्पल अत्ती मन पर्‍यो । त्यो दिम्पल मा मलाई कबिता नै लेख्न मन लागेको थियो तर लेखिन । सबै फोटो हरु डाउनलोड गरे र छिन मै ल्यापटप को Wallpaper परिवर्तन गरे, त्यो नि उनकै फोटो । पछाडि बाट आमा ले बोलाउनु भो, हत्त न पत्तो ल्यापटप TurnOff नगरि झ्याप बन्दा गरे।

कलेज गएको २ हप्ता भइसकेको थियो, तर उनि जहिले घण्ती बज्न ५ -६ मिनेट अगाडि आउथ्यो, मलाई सन्का लागि राखेको थियो, पक्कै पनि उनि कलेज बस बाट नभइ लोकल गाडी मा आउथ्यो कि भनेर!

जहिले उनि मेरो बेन्च भन्दा ४ सिट अगाडि बस्थ्यो, त्यसैले २ हप्ता मा १ चोटि नि कुरा गर्न पाइन, तर मन सन्तुस्त पार्न मैले जहिले उनिलाई लुकी-लुकी हेर्दै बिताए, सरले के सिकाएको भनेर वास्ता नि गरिन, बरु मलाई उनकै चिन्ता थियो; उनि मेरो हुन्छ कि हुदैन भनेर,  हर्-पल उनकै याद मा दुब्दै म क्लास् मा समय बिताउदै गए।

ब्रेक को समय थियो...
मेरो एक जना मित्र, नरेशले भन्यो, साथी तिमी कति पदन्ते जहिले क्लास् मा मात्र बसी राख्छौ भन्दै मलाई छाडेर, उ बाहिर गयो।
तर उसलाई के थाहा?
म क्लास् मा बस्नु को कारण ।

त्यही समय मा, म आफ्नो सिट मा बस्दै फिजिक्स को नोट गरिराखेको जस्तै गरे, उता पछाडि बाट केटा हरु हुन त मेरै साथी हरु थियो तर उति बोल्-चाल नभएको... त्यो केटा हरु उनि भएको ठाउँ मा गएर नचाइने गफ थोक्दै बस्यो, उनि नि मुसु-मुसु हाँस्दै थिइन... त्यो केटा हरु को कुराले | अनेकौ गफ हान्यो, तर कुरा कुरा मा एक जना केटा ले तिमी क्या राम्री सरङ्ग भन्यो! मलाई रिस्उठि सकेको थियो (तर मैले कन्ट्रोल गरे र आँफै ले आँफैलाई भन्ने सुरु मा तेरो त हुने दे त्यस् पछी कति रिसाउन मन लाग्छ त्यती रिसाउ भने ।) , मैले उनको सिट तर्फ हेरे, मुहार मा बनावोती मुस्कान थियो। उता हेर्दै गर्दा, उनको र मेरो पहिलो पटक आँखा जुध्यो, मेरो आँखा मा रिस् अझ पनि थियो, मैले उनलाई नहेरी अर्को तर्फ हेरे । उता के भो भनेर याद नि गरिन्, त्यही किताब मा मात्रै हेर्दै बसे ।

बिचरा म, उनले के सोचिन होला, डर लाग्न थाल्यो, उता हेरी रहेको समय मा उनि म भएको तिर आइन र मेरो तर्फ बसिन । कुरा गरौ गरौ जस्तो भो, सरङ्ग ले नै कुरा सुरुवात गर्छ कि जस्तो भो, तर उनले गरिनन् । म आफ्नो टाउको तल पत्ती राख्दै बसी राखे।

ब्रेक सकेको घण्ती बज्यो...

धन्न उनले मलाई केही भनिनन्...
क्लास् मा राम्ररी ध्यान दिनै गाह्रो भो, यसो बूक हेर्दा उनले के सोच्दै होला भनेर दिमाग मा प्रश्न हरु आउदै गरयो! त्यो प्रश्न हरु हताउन म उनि तर्फ हेर्थे, उनि सर तिर ध्यान दिदै हुन्थ्यो । त्यही समय मा खै अचानक्...

Hey you!!! भनेर सर ले भन्नु भो!

मैले me (आँफै लाई देखाउदै) भनेर भन्ने ।

Yes you! भन्ना साथ म जुरुक उठे र सरले मलाई प्रश्न सोध्नु भो ।
खै के प्रश्न थियो मलाई याद थिएन तर मैले उनि तर्फ हेर्दै थिए, हाँस्दै थिइन्, म पनि हाँसौ हाँसौ जस्तो भो तर हाँस्ना मनाहि थियो, किन कि सब बसी राखेको बेला म एक जना मात्र उठि राखेको थिए । मलाई फेरी क्लास् को जोकर बन्नु मन थिएन, धन्न मैले उत्तर भने र सर ले सिट डाउन भन्नु अगाडि क्लास् मा ध्यान दिने गर भनेर सुझाब दिन्नु भो ।

सर ले त्यो कुरा भन्ने बेला, सबै मित्र हरु हास्यो, र पछाडि मेरो साथी कृइश ले भन्यो, कस्लाई हेर्दै हो! यसो हामी नि हरेम भन्यो ।
खै उस्ले कति ठुलो स्वर ले भनेको होला, सर को कान मै पुग्यो त्यो कुरा, अनि सर ले मेरो साथी कृइश लाई अगाडि ल्याएर Co-Ordinate को Problem Solve गर्न दिन्नु भो (म चै मन-मन मै ठिक परयो मेरो सरङ्ग लाई हेर्न खोज्ने हैन भनेर हास्दै थिए ), उसले ले सिधै मलाई आउँदैन भन्यो । खै सर लाई के रिस् उथ्या होला, उसलाई १ देखि १० नम्बर सम्म होम वोर्क दिन्नु भो, र उसलाई टाउको मा कुत्दै सिट मा बस्न जाउ भन्यो । सर ले फेरी मलाई तिर हेर्दै, त आइजो यो गरेर देखा भन्यो । मेरो साथी कृइश हाँस्दै भन्यो लु तेरो पालो नि आयो! भन्यो र म पछाडि हेर्दै अगाडि तिर लगे, र मार्केर लिएर गर्न थाले (हुन त सजिलो थियो, कक्षा १० तिर कै question थियो) सर ले मलाई हेर्दै, हेर्दा त गर्छ जस्तो लाग्दैन, लु तेरो नाम भन त भनेर

सोध्यो, मैले मेरो नाम सकिन भने र सर ले भन्यो क्लास् मा केटी तिर ध्यान भए नि केटो ले गर्दो रहेछ भन्नु भो ।

मेरो त झन बिल्ला उद्यो...

सरङ्ग मुसु-मुसु हाँस्दै थिइन्, म उसलाई हेर्दै थिए, सर ले फेरी गाली गर्नु भो।

घर जाने समय भई सकेको थियो, सधैं झै म अन्तिम मा गए नरेश सँग, उसले भन्यो साले पढन्ते के हो केटी लाई हेरी हेरी क्लास् Top हान्छस कि क्या हो! मैले नि का जाबो त्यती सजिलो question त बच्चा ले नि गर्छ भनि दिए। बाहिर जादा मैले साथी नरेश लै (Bye) भन्दै म आफ्नो गाडी (लोकल) को प्रतिक्ष्या गर्दै । हुन्न त म अलि अगाडि गएर गाडी पर्खिदै थिए, र एउटा गाडी मा चढे र उता क्लेज तिर हेर्दै बसे, अलि अगाडि पुग्दा गाडी रोक्यो तर मैले को चढ्यो भनेर हेरिन तर उनि म भएको सिट तिरै बसिन्, को बस्यो भनेर हेर्न खोज्दा त सरङ्ग श्रेष्ठ पो थिइन । मेरो मन को धुक धुकी बध्न थाल्यो । यती जोड ले धद्क्यो कि मेरो ओरि-परी नै सुन्ने जस्तो गरी! हामी दुबै जना मौन थियौ । न त मैले नै बोले न त उसले नै । दुबै जना सिधै हेर्दै बस्यौ। गाडी को खलासी ले भाडा माग्यो, मैले म सँग भएको २० रुपैया को नोट निकालेर दिए । तर खलासी ले मेरो मात्र कताएर मलाई फिर्ता दियो हुन त म खलासी ले प्रश्न सोध्छ कि भनेर बस्दै थिए, तर सोधेन, हुन त मेरै गल्ती जस्तो लाग्यो, मैले नै खलासी लाई २ जना को भन्नु पर्ने! उसले केही भनेन र उनले आफ्नो पैसा दिइन र बस पार्क पुग्दा उनि मुसु-मुसु हासेर गाडी बाट ओर्लिन ।

फिल्मी स्टाईल मा जस्तै "हसी तो फसी" भन्न थानेको थिए  हासेर जाँदा मेरो माइन्ड मा पोजितिविती आयो कि उनले नि मेरो बारे मा केही त सोचि राखेको छ भनेर । यसो फेरी फिल्मी स्टाईल try गरे उनि फर्केर हेर्छे कि हेर्दैन भनेर तर उनि मलाई फर्केर हेरिनन्, मेरो मन नै खल्लो भो, र उदास मन लिएर म घर गए।

खल्लो मन राखेर जानु पर्ने अवस्था आएको पहिलो चोटि थियो ।

(उदास मन लिएर)
घर गए लुगा फुकाली सुतिहाले । आमा ले के भो भन्दै मलाई ३-४ चोटि उठाउन कोसिस् गर्नु भो, तर म उठिन। मलाई निन्द्रा लाग्यो भनेर जवाफ दिए, र मेरो आमा मेरो रूम बाट जानु भो

(आँफै ले आँफैलाई)

कसरी भन्नु, कि मलाई कोइ केटी मन पर्‍यो । र आज मलाई बस मा सँगै यात्रा गर्दा नि १ शब्द नि बोलेन भनेर। कसरी भन्नु कि म उनि बिना बाँच्न सक्दिन भनेर।

३ घण्टा पछी जुरुक उठे, र आज देखि कोही केटी हेर्दिन भनेर के कसम खाएको, फेस्-बुक खोल्दा सरङ्ग श्रेष्ठ को फ्रेन्- रिक्वेष्ट देख्न साथ मन मा हर्स न बिल्लास् भो । मन मा अनेकऔ प्रश्न आयो । सरङ्ग ले त मलाई मन पराउछ कि? साचै Accept गरौ कि नगरौ ? जस्ता प्रश्न आइ राख्यो । मैले भर्खर खाएको कसम नै बिर्से उस्को फ्रेन्- रिक्वेष्ट देख्न साथ । केही समय उस कै profile लत्ता ले केरा हेरेको जस्तै हेरी राखे ।

१ घण्टा उसको profile हेरे पछि मैले अन्त्य मा accept गरिहाले।

**अङ्क ६**

हुन त अन्त्य मा मैले उनको फ्रेन्- रेक्वेष्ट Accept गरिहाले । गर्ने बितिकै सरङ्ग श्रेष्ठ मेरो फेस् बुक account मा अन्-लाईन देखाइ हालिन । मलाई त कुरा गर्न मन लागेको थियो तर गर्न सकिन। केही समय पश्चात् मेसेज आइहाल्यो, कस्को मेसेज भन थानेको त सरङ्ग को पो रहेछ । सरङ्ग ले hi भनेर पठाईन्, मलाई त के भनौ के रिप्लाई देउ जस्तो भो । मन मन मा सोच्दै, केटी ले नि chat सुरुवात गर्छ र! भनेर सोच्दै बसे...

मैले hello भनेर पठाएँ । उनि offlyn गइसकेको थिइन्, तर (केही समय पछी ) यसो Logout गर्न खोज्दा उनले रिप्लाई दिइन कि क्लास् मा जहिले को केटी लाई हेर्दै बस्छौ भनेर सोधिन ?

मैले सोच्दै नसोची तिमी लाई हेर्दै बस्छु भने । हाहा! भनेर रिप्लाई गरिन र सरङ्ग ले कुरा अर्को तर्फ लग्न खोज्यो ।

सरङ्ग: के गर्दै!
म: (मजाक गर्दै) तिम्रो फोटो हेर्दै भनिदिए!
सरङ्ग: हाहा! हो र ?
म: हो नि त ?
तिमी ?
सरङ्ग: त्यसै!!!

यसरी नै हामी बिच पहिलो चोटि अनेकौ कुरा गर्दै राती १२ बजे भएको पत्तो नै भएन । म आज कलेज जान अलि ढिलो उठे, हिजो ढिला सम्म उनि सँग च्याट गरेर ।

बस पार्क पुग्दा ६:१५ बजी सकेको थियो । यसो यता उता हेर्दा मैले उनिलाई देखिन्, सरङ्ग लाई देख्न साथ मलाई एक दम खुशी लाग्यो । तर दु:ख को कुरा चै के पर्‍यो भने म गाडी मा बसीसकेको थिए । उनले मलाई देख्यो सुल्तो हात हलाउदै मलाई Hi भनिन् , मैले नि hi भने हात हलाएर तर मलाई अलि odd लाग्यो ।

सरङ्ग म भएको गाडी मा चढेन हुन त मैले आउ भन्दै थिए, तर उनले अर्को मा आउछु भन्दै bye गरिन्, मैले नि आफ्नो मुहार मा मुस्कान राख्दै हात हलाउदै bye भने । म क्लास् मा पुगेको ३ मिनेट पछी उनि क्लास् मा आइ पुगिन र मलाई हेरेर मुस्कान दिइन र सरङ्ग आफ्नो सिट मा बसिन ।
कलेज आउनु अगि मैले घर मा राशी हेरेर आएको थिए, लेखेको थियो आधुरो काम बन्ने छ भनेर! घरको कुरा सोच्दै... आज त कुरा मिल्ने भो जस्तो लाग्यो । समय बित्दौ गयो तर मैले उनि सँग बोले न त उनले म सँग बोल्यो । अन्त्य मा आज को क्लास् सकिहाल्यो । हिजो जस्तै म गाडी को प्रतिक्षा गर्दौ थिए, गाडी आयो म त्यसमा

तेस्रो सिट मा बसे, हुन त पछाडि सिट नि खाली थियो तर म बसिन । अलि अगाडि पुग्दा उनि नि चढिन्, सरङ्ग म बसेको सिट मै बसिन । कुरा भएन, खलासी ले पैसा माग्दा मैले हिजो जस्तै २० रुपैया को नोट दिए र आज खै खलासी ले प्रश्न गर्‍यो, २ जना को हो भनेर ? मैले हो भने, र उनले म आँफै तिर्छु भन्दै थिइन । आज हामी

सँगै ओर्लियौ, र सरङ्ग ले सोधीन घर मा काम त छैन नि ?
मैले सोच्दै, छैन भने ।
हुन त भोली शनिबार थियो, नोट बनाउनु पर्ने र होम वोर्क गर्नु पर्ने टेन्सन थिएन । हामी मंगल बजार तिर लाग्यौ, हाँस्दै, एक अर्का लाई दिस्काउदै।

तर उनको एउटा बानी साह्रै नराम्रो, केही भन्यो कि चिम्माती हाल्ने बिचरा म... लगनखेल देखि मंगल बजार सम्म जादाँ धैरै चिम्माती। हुन त अब बानी बसाल्नु पर्ने जस्तो भइसक्यो। मंगल बजार मा बस्यौ तर त्यो हाम्रो पहिलो date चै थिएन । उनले उता पसल मा गएर, Coffee किनेर ल्याइन त्यो नि मलाई नसोधी । मलाई कफि मन पर्दैन थियो, तर सरङ्ग ले ल्याए पछी नखाइ कसरी बस्नु । कफी को पहिलो सिप लिए, एक दम कडा थियो, मुख नै बिग्र्यो तर केही नभएको जस्तो गरे । तर सरङ्ग लाई थाहा पाई हाल्यो, र मुसु मुसु हाँस्दै, फर्स्ट टाईम हो भनेर सोधिन । मैले मुख बिगारेर हो भने । केही छैन, भनिन्... अनि उनले मेरो हात

बाट मेरो कफी लिइन र मेरो झुथो नै प्युन थालिन । म त हेरेको हेरै भए । फेरी चिमत्दै, (दुख्ने गरी, आँखा बाट आँसु नै झर्यो) के भयो भनेर सोधिन ?
मैले, जानने भएर अङ्रेजी मा बोले र सोधे, 'Don't you feel odd, to drink (जुठो लाई ईंग्लिश मा भन्न आउँदैन थियो) जुठो of mine? भनि दिए ।
सरङ्ग को हात एक दम खत्रा ले चल्थ्यो, मेरो धाद मा बेस्ररि हान्दै, उफ्फो कसलाई  के को धन्दा कसलाई के को सकिन लाई ईंग्लिश बोल्नै धन्दा ।
(दुबै जना हास्यौ मज्जाले )

सायद हामी दुबै जना मंगल बजार २ घण्टा जती बसे होला, त्यो २ घण्टा कति चाँडो गएको थाहा पाउनै सकिन। तर हामी दुबै जना धैरै बोलयौ, सायद मैले भन्दा उनले धैरै बोलिन होला, हामी दुबै जना एक दम मिल्ने  भइसकेका थियौ । तर मेरो मन मा उनलाई साथी भन्दा धैरै थियो, उनलाई जहिले आफ्नो बनाउन चाहन्थे । हुन त उसको र मेरो घर त्यती टाढा थिएन, मेरो घर बाट ५ मिनेट जती हिंडेर गए पुग्थ्यो । हामी दुबै जना को मोबाईल नम्बर सता-सात भो, माग्नु त मैले नै मागेको थिए, तर एक दम लाज लागेको थियो, तर उनले मलाई उनको नम्बर दिइन । त्यो समय म एक दम मक्ख परेको थिए, त्यो मेरो मुहार मा देखिन्थ्यो। म घर गए,ल्याप ट्प निकाले र उनको फोटो हेर्दै बसे, त्यही समय मा मैले उनको फेस् बुक को प्रोफाइल चेक गरे र देखे...

**In a Relationship**

**अङ्क ७**

In a Relatioship

देख्ना साथ मन नै सिरिङ्ग भो, कतै म भिड बाट खसेको जस्तो । सरङ्गको फेस्-बुक मा स्क्रोल गर्दा मैले भेटाए उनको र एक जना केटा को फोटो (संगै बसेर मुस्कान दिदै), धैरै समय भएको थिएन, ६ महिना अगाडि को पोस्ट, त्यसमा उनले Caption दिएका थिइन्, love you till my last breath भनेर। यो पढ्दा मन नै खल्लो भो, के गरौ के गरौ जस्तो भो। केटा म भन्दा राम्रै थियो तर मलाई एक दम दु:ख लाग्यो मेरो प्रेम कथा सुरुवात नै नभइ सकिने भो भनेर। हुन त यस्तो अवस्था मा मर्नु बेस् थानथ्यो होला तर मलाई मर्नु भन्दा उसको बारेमा थाहा पाउन मन लाग्यो।

दिनेश महर्जन्, खै मैले उसको नाम कति चोटि लिए होला? दिनेश मेरो जिन्दगी को भिलेन थियो, भिलेन कसलाई मन पर्थ्यो र? (फिल्म को हेरोयिन लाई बाहेक!) हुन त, क्लास् मा साथी कृइश ले भनेको कुरा याद आयो, खाली पोस्ट मा गोल त नामर्द ले पो हान्छ, मर्द हो भन्ने गोलकि भएको पोस्ट मा हान् ! अहिले आएर त्यो कुरा मैले seriously लिन थाले । दिनेश महर्जन को फेस्-बुक प्रोफाइल हेरे हेर्दा धनी बाउ को छोरा जस्तो लग्थ्यो, उमेर को कुरा गर्ने हो भने म भन्दा धेरै बदी जस्तो तर यसो ज्यान हेर्दा सब केटी उसलाई नै मन पराउने खाल को थियो । Mutual Friend मा हेरे, मेरो साथी नरेश थियो, यसो को-को च्याट मा छ भनेर हेर्दा नरेश नि थियो, मैले direct दिनेश को फेस्-बुक लिन्क पठाएँर उसलाई चिनछस् भनेर सोधे । उसले अह्! चिन्छु भन्यो। उसले तैले नि चिनछस् भनेर सोध्दा चिन्दिन भन्ने । त्यस् पछी त्यस्को बारे मा सोध्न थाले । सोध पुछ गर्दा दिनेश त सरङ्ग श्रेष्ठ को Ex पो रहेछ... अहिले सरङ्ग को कोही छैन रहेछ भनेर नि थाहा पायो, हुन त सरङ्ग र दिनेश ९ क्लास् देखि प्रेम गर्थ्यो, तर खै १ महिना अगाडि मात्र ब्रेक्अप भएको थियो, मैले ब्रेक अप भएको कारण सोध्दा उसले थाहा छैन भन्यो । मैले उसलाई thanks भनेर म logout गरेर खाजा खान गए ।

खाजा खाइ सकेपछी म फेरी आफ्नो कोठा मा आइहाले, पुग्ने साथ म आफ्नो ओछ्यान म पल्टि हाले। सुती सुती मोबाईल चलाऊने बानी... देखि हाले सरङ्ग को मिस्-कल हुन त ६ वटा मिस्-कल आइ राखेको थियो।आज मात्र मोबाईल नम्बर दिएको, यसो disturb गर्न त गरेको हैन जस्तो लाग्यो। तर देखे उनको मेसेज, लेखेको थियो, Call me after you recieve my message.Sarang. मैले हतार- हतार मा उनलाई कल गरी हाले, मन मा अनेकौ कुरा आउँदै थियो । सरङ्गले कल उठाईन र किन कल नउठाएको भनेर सोधी हालिन ? मैले भने, खाना खान गएको थिए, मोबाईल रूम मै छाडेर गएको... किन कल गरेको भनेर सोधी हाले ? उनले त्यसै भनिन् |तर मलाई बिश्वास लागेको थिएन, र फेरी सोधे, साँच्चै किन कल गरेको ? त्यसै हो भनेर कुरा सकाइन र मलाई अन्-लाइन आउन भनिन् मैले हुन्छ भनेर फोन राखी हाले । फोन राख्ना साथ मैले मेरो मोबाईल को ब्यालेन्स् हेरी हाले। हुन त म कन्चुस् थिइन तर पहिलो चोटि केटी सँग कुरा गर्दा कति पैसा कति गयो भनेर हेर्न मन थियो। फेस्-बुक मा अन-लाइन आइहाले, अन लाइन नजानु नि कसरी! सरङ्ग ले नै बोलाँउदा जानु त परिहाल्यो। अन-लाइन गएको के थिए इन-बक्स मा सरङ्ग को मेसेज आइसकेको थियो।खुसि लाग्दै थियो सरङ्ग को मेसेज पढ्दा, लेखेको थियो,

"If you find ur world as sky n frens as stars, n if u don't find me among them, i may have jus fallen 2 make ur wish come true."

के रिप्लाइ देउ जस्तो भो, नयाँ त्याब् खोले गुगल मा सर्च् गर्दै बसे,राम्रो खालि एउटै भेटाइन। बरु direct के गर्दै भनेर मेसेज पठाए । त्यसै भन्दै कुरा फेस्-बुक मा लम्बिदै गयो। उनले मलाई मंगल बजार आउन भनिन्,मैले केही नसोची हुन्छ भनि हाले।

केही समय पछी हामी दुबै जना भेटयौ, र हामी एक दिन मै साह्रै मिल्ने साथी बनी सकेका थियौ। धेरै बेर सम्म कुरा गर्यौ, तर मेरो मन मा एउटा कुरा आउँदै थियो, दिनेश सँग ब्रेक्-अप हुनु को कारण ? उनि रिसाउछ कि भनेर मैले सोध्न सकिन। तर धेरै गफ पछी उनले कुरा निकालीन्, म कस्तो छु भनेर। यो प्रश्न ले मेरो सातो उदायो। एकै चोटि यस्तो प्रश्न ... मैले हाँसी हाँसी भने, नसोध मलाई तिमी कस्तो छौ भनेर, हुन त जब म तिम्रो मुहार हेर्छु, तब म १०० चोटि तिम्रै अगाडि तिम्रै हेराइ ले मरेको हुन्छु, तिमी जस्तो छौ त्यस्तै राम्रो छौ, छोट करिमा तिमी असाधैं राम्री छौ, your beautiful भने...

सरङ्ग ले मुस्कान दिदै, गफाडी कति गफ हान्न सक्या भन्यो। तर मैले सचिकै भनेको भनेर उनलाई के थाहा! मैले एकै चोटि प्रश्न सोधे, Are you single? भनेर, सरङ्गको जवाफ थियो, अह्!!! सिङ्गल नै छु, टाक्ने बिचार छ कि के हो भनेर सोधिन। मैले नि त्यस्तै हो भने। मैले दिनेश सँग कसरी ब्रेक्-अफ भो भनेर नि प्रश्न निकाले । उनले भनिन् कुरा मिलेन त्यसैले । (हुन त उनले प्रश्न गरिनन दिनेश लाई कसरी चिनयौ भनेर) हामी त्यता बाट हिद्यौ, उनले भन्दै गरिन मलाई थाहा छ तिमीले मेरो फेस्-बुक चेक गरेको भनेर, अनि कल नउठाएको कारण नि । यती भन्दै उनि चुप लागिन् र हामी दुबै जना केही नबोली आफ्नो गन्तब्य तिर लाग्यौ र आफ्नो घर तिर गयौ । मैले घर पुग्ना साथ खाना खाएर सुत्न गए। जहिले जस्तो फेस्-बुक खोलिन। सुत्न कोसिस् गरे तर सुत्न सकिन। सुत्न खोज्दा उनि मेरो आँखा अगाडि झल झली आइ राख्थिन। मैले निकै बेर सोचे के सरङ्ग सँग माया को गाँठो लगाउन सकिएला कि भनेर ? नरेश सँग किन ब्रेक्-अप दिएको, र सरङ्ग ले दिनेश लाई अहिले सम्म मन पराँउछ कि मन पराउदैन भनेर ? यस्ता प्रश्न हरु Slide-show जस्तै आइ राख्यो। आँखा बाट आँसु झर्न थाल्यो, खै किन खसेको होला, डर लागेर हो कि जस्तो लाग्यो।

झत उठे सिरानी तल मैले मेरो Diary निकाले, हुन त मेरो बानी थिएन डायरी मा लेख्ने तर मैले डायरी मा आज भएको सबै कुरा लेखे र उनलाई चाहन्छु भनेर नि लेखे र त्यही सिरानी तल राखे। बल्ल मन हल्का भो, र कहिले सुते थाहा नै पाउन सकिन। जहिले जस्तो त्यही समय मा कलेज जान्थे तर एक्लै नभएर सरङ्ग संगै जान्थे
आउँदा नि संगै आउथ्यौ। तर हामी कहिले राम्ररी बोलेनौ क्लास् मा बोल्थ्यौ त्यही संगै आउँदा, जाँदा र कहिले काँही मंगल-बजार मा बस्दा। हाम्रो मित्रता एक दमै राम्रो थियो। कलेज को Exam पछी को बिदा थियो उनले

घुम्न जाने प्रस्ताब निकाल्यो, सुरु मा त्यसै भनेको जस्तो लाग्यो तर उनले सचिकै भनेको रहेछिन मैले कहाँ जाने भनेर सोधे, सरङ्ग ले भोली थाहा पाउछ भन्दै उनि गईन।

त्यो रात नि मैले राम्ररी सुत्न सकिन । अर्को दिन चाडै उठे र घर मा आज साथी हरु सँग घुम्न जान्छु भने र यसो ५०० जती बुवा सँग लिए। १० बज्न लाग्या थियो, म नि खाना खाएर घुम्न जान तयार हुँदै थिए, कसैले सकिन भन्दै तल बाट चिच्याउदै थियो, यसो हेरे सरङ्ग पो रहेछिन। झ्याल बाट हेर्दा मेरो बुवा officeजान लाग्नु भएको थ थियो, र सरङ्ग ले नेवारी मा बोल्दै, Uncle स किन गो!!! भनेर प्रश्न सोधिन ?
(सरङ्ग ले मेरो घर चिन्नु को कारण मैले पहिला देखाइ सकेको थिए र मेरो बुवा को फोटो देखि सकेको कारण ले नै चिनेको होला ।)

मेरो बुवा ले भन्नु भो, तले दु मै!!! तले हु भनेर भन्नु भो...
यती भन्दै मेरो बुवा जानु भो र मैले त्यस् पछी मात्रै झ्याल बाट हेरेर सरङ्ग लाई पख भनेर सन्केत गरे । म १ मिनेट मा सरङ्ग का पुगे र सरङ्ग ले कुत्दै, मेरो ससुर बुवा त क्या खत्रा पो रहेछ भन्यो, खै कुन चै मूड मा ससुर बुवा भन्या हो थाहा पाएन (यो कुरा मेरो आमा ले सुनेको रहेछ पछी घर आउँदा थाहा पाए ।) मैले के भनेको भनेर भने, हाँस्दै त्यसै पो भनेको भनिन्...

**अङ्क ८**

खै! कता लग्ने प्लान थियो, घर बाट हिंड्ना साथ मलाई सरङ्ग को ह्यान्द्-ब्याग समात्न लगाईन। लाज लागि राखेको थियो,पहिलो चोटि कोइ केटी सँग बाहिर घुम्न जान लागेको र त्यसमा थप उनको ह्यान्द्-ब्याग समातेर हिंड्नु! लगनखेल बस-पार्क पुग्यौ तर उनले अर्को पत्ती रत्नपार्क जाने गाडी भएको ठाउँ तिर लागिन र उटा पति गए पछी उनि र म गाडी मा बस्यौ र हाम्रो गन्तब्य तिर लाग्यौ। (हुन त मलाई थाहा थिएन कता जान लागेको भनेर!)
मलाई त सपना जस्तो पो लाग्न थाल्यो, पहिलो चोटि सरङ्ग सँग कतै जान लागेको कारण, आँफै लाई बिश्वास दिलाँउना मैले आँफै लाई चिमाते। हामी गाडीमा राम्ररी केही बोलेनौ, हुन त ३-४ पटक एक अर्का लाई हेरेर हाँस्दै बस्यौ। तर एउटा कुरा, हामी दुबै जना गीत सुन्दै थियौ। आज उनि सँग आएको कारण होला, मलाई आज सबै दृश्य राम्रो लाग्न थाल्यो।

रत्नपार्क बस-स्टप मा ओर्लियौ र म उनको पछी-पछी हिंड्न थाले। Exibition Road को बाटो बाट हिंड्न साथ मैले थाहा पाए कि हामी Fun Park मा जादै छौ भनेर। Fun Park पुग्यौ; टिकट लिन उनि आँफै गईन

(कार्ड को छुट थियो) र मेरो कार्ड उनि संगै थियो। उनले पैसा तिरदा मलाई अफ्ट्यारो लाग्यो र मैले कर गर्दा नि उनि आँफै ले पैसा तिरिन।

Fun Park भित्र छिरयौ, Fun Park मा मेरो पहिलो चोटि थियो, त्यो नि कोइ केटी सँग ( पहिलो चोटि मेरो crush सँग) मलाई सोध्न मन थियो, उनि कहिले कोइ केटा सँग आएको छन् कि भनेर, तर मलाई आज उनको दिन खराब बनाउन मन थिएन। उनि सँग घुम्न आउँदा मलाई साह्रै खुशी लागि राखेको थियो। हामी एक ठाउँ मा बस्यौ र अनेकौ भिन्न-भिन्न कुरा गर्दै हाँस्दै बस्यौ। यस्तै हाँसो हाँसो मा मलाई उनले धेरै कुटिन अनि चिमतीन पनि! (सार्है दुख्थ्यो, उनि भएर मात्र केही गरिन यदि कोइ केटा साथी भएको भए मैले कुटी सकेको थिए होला।)

सरङ्ग ले Columbuss देखाउदै खेल्ने भनेर सोध्यो, मैले नाइ डर लाग्छ भने। तर उनले कर गर्दै बसिन्, र उनको कर मैले तार्न सकिएन। हुन्छ भने र सरङ्ग ले टिकट लिएर आइहालिन। (डर खतरा ले लागि राखेको थियो, र मलाई उचाइ देखि एक दम डर लाग्थ्यो) अन्त्य मा चढि हाले, Columbuss मा, लास्त सिट मा बस्न गइन र म नि उनको पछी पछी उनि संगै बस्न गए । (हुन त उनको यो पहिलो चोटि थिएन उनि दिनेश संगै पहिले बसी सकेको थिइन्, जुन मैले पछी थाहा पाए)
सुरु भो Columbuss के गरौ के गरौ भो र सरङ्ग ले मेरो हात समात्दै केही हुँदैन भन्यो र मलाई उठेर चिच्याउ भन्यो झन झन माथि गयो, मैले Free Fall महसुस् गरे, एकै चोटि खसेको जस्तो... त्यो समय मा मेरो मुख रातो न पिरो भैसकेको थियो, सरङ्ग मेरो मुख हेर्दै धेरै हाँसिन र उनले नडराउ केही हुँदैन भन्दै गर्यो र सक्नै लाग्यो भन्दै थिइन। डर ले पसिना पसिना भइसकेको थिए, तर उनको एउटै शब्द Enjoy It भनेर भन्दै गरिन... (आँफै लाई भन्दै, बेकार मा बसेको भन्दै बसे, र यो नै मेरो ठुलो गल्ती रहेछ जस्तो लाग्यो । )
Finally मैले रिलिफ पाए र मेरो रातो न पिरो अनुहार सरङ्ग ले फोटो खिच्न थाल्यो  र Columbuss बाट ओर्ले पछि मलाई दिस्क्यौदै  बसिन् ... त्यो दिन देखि मैले Columbuss मा नबस्ने कसम खाएर आए |

सरङ्ग ले मलाई एक सुक्को नि पैसा खर्च गर्न दिएन, मैले धेरै चोटि पैसा तिर्न कोसिस् गरे तर उनि मानिनन्...मलाई रिस् उठेर मैले उनलाई प्रश्न गरे, पैसा धेरै छ हो ? भनेर। उनले भनिन् , त्यस्तै त्यस्तै...

फेरी सोधे, आज केही स्पेसल छ कि, कि आज तिम्रो birth day? सरङ्ग ले मुस्कान दिदै, खोइ भन्यो ?  (हुन त कसलाई आज मेरो जन्म दिन तिमीलाई treat है भनेर भन्छ!) त्यो मुस्कान बाट मैले थाहा पाए कि आज उनको जन्म दिन थियो भनेर।

३ बज्न लाग्या थियो हामी लगनखेल जाने बस मा बस्यौ। म नि क्या! मुर्ख उनको जन्म दिन हो भनेर थाहा पाउदा पाउदै मैले उनलाई Happy Birthday समेत भनिन। बस मा उनले त्यही Columbuss को कुरा निकालेर हाँस्दै बसिन्... र मलाई उनले खिचेको फोटो हरु देखाउदै हाँस्दै बसिन। हुन त आज उनि सँग को दिन एक दम रमाइलो भो। लाग्थ्यो कि आज को दिन नसकेको भए क्या राम्रो हुन्थ्यो।

लगन खेल बाट ओर्लेर हामी मंगल बजार तिर लम्कियौ र त्यही आज को कुरा हरु बोल्दै गरिन सरङ्ग ले... त्यहाँ पुग्ना साथ मैले कफि किनेर ल्याए (हुन त मलाई अझै पनि कफि प्युन मन लाग्दैन थियो) सरङ्ग छक्क परिन मैले २ वटा कफि ल्याएको कारण!
उनले भनिन तिमी लाई मन पर्दैन हैन र ?
मैले मन पर्‍यो आज देखि भने! त्यसमै थपे, Anything for Birthday Girl
कफि सके पछी उनि बोलेको बोलै भो... मलाई एक शब्द नि बोल्न दिएन।

घर फर्किने समय भइसकेको थियो, जाने बेला Happy Birthday Dear भने, उनले thank you भनेर Happy Birthday त भन्यौ Gift खै त थपिन... Gift त घर मा पुग्छ धन्दा नमान भने। (उनको मुहार मा मुस्कान थियो जब मैले यो कुरा भने)
हामी छुटीयौ र म घर नगई सिधै Gift Shop मा गएर सरङ्ग लाई Teddy Bear किने! (उनलाई Teddy Bear एक दमै मन पर्थ्यो)

Teddy Bear हात मा बोकेर म सरङ्ग को घर तिर लागे... सरङ्गको घर पुग्नै लाग्दा मैले सरङ्गलाई कल गरे। उनले उठाइन र भनिन हेल्लो!!
मैले सिधै तिमी कता?, भनेर सोधे
उनले घर मा भनिन्...
मैले उनलाई बहिर आउन भने र फोन राखी दिए।
फोन राख्ने बिटिकै उनि म भएको ठाउँ मा पुगिन र किन बोलएको भनेर सोधिन। मैले उत्तर दिइन र सिधै, Teddy Bear उनको हात मा समात्न लगाए र Happy Birthday भने। Thank you भन्दै मलाई माथि आउन आग्रह गरिन तर म गईन्, जती कर गर्दा नि म माथि उसको घर मा गइन... र म जान्छु भनेर म सिधै घर मा गए।

म घर मा पुगे र आमा ले कस्तो भो भनेर सोध्नु भो, मैले रमाइलो भो भनेर भने र म आफ्नो कोठा मा सुत्न गए। सुत्न अघि मैले सिरानी तल राखेको डायेरी निकालेर आज भएको सबै कुरा हरु टिप्न थाले र उनको जन्म मिति December 9 भनेर लेखे!!!

## Thank You for previewing this eBook

You can read the full version of this eBook in different formats:

- HTML (Free /Available to everyone)
- PDF / TXT (Available to V.I.P. members. Free Standard members can access up to 5 PDF/TXT eBooks per month each month)
- Epub & Mobipocket (Exclusive to V.I.P. members)

To download this full book, simply select the format you desire below